**सम्वत २०७६ साल असोज १५ गते बुधबार दिनको ०३:०० बजे मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ३, हेटौंडा, मकवानपुरमा बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकबाट भएका निर्णयहरुको मुख्य व्यहोरा देहायबमोजिम रहेको छ -**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - संगठन संरचना तथा दरवन्दी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ स्वीकृत गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - रामेछाप जिल्लाको दोरम्बा गाउँपालिकाको नाम परिवर्तन गरी सैलुङ दोरम्बा कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।

३. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - VISIT नेपाल २०२० लाई प्रदेश नं ३ मा प्रभावकारी वनाउन सहजिकरण गर्ने कार्यविधि २०७५ (पहिलो संशोधन, २०७६) स्वीकृत गर्ने।

४. भौतिक पूर्वाधार विकास मन्त्रालय - जनता आवस कार्यक्रम अन्तर्गत प्रदेश मातहत रहने आयोजनाहरुको लागि अधिकृतस्तरको अस्थायी दरवन्दी स्वीकृत गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालय - प्रदेश पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ को मस्यौदा स्वीकृत गर्ने

६. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - प्रदेश दुग्ध विकास बोर्ड विनियमावली, २०७६ मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

७. भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - प्रदेश सहकारी नियमावली, २०७६ मन्त्रिपरिषद्, प्रशासन तथा विधेयक समितिमा छलफल गरी पेश गर्ने।

**द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप विवरण सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।**